# गरिबमुखी भएर साझेदारी वनलाई हेर्दा देखेका कुरा[१]

■ **डा. भरत कुमार पोखरेल**


**सारांश**

के गऱ्यो भने तराई तथा भित्री मधेसको वनलाई प्रभावकारी रुपले संरक्षण, व्यवस्थापन र सतत् रुपले सदुपयोग गर्न सकिएला भन्ने विषयमा जो कोहिको चासो बढि रहेकै बेला श्री ५ को सरकारले साझेदारी वनको अवधारणा अगाडि ल्याएको छ । यो अवधारणा के हो ? एकाएक कहाँबाट कसरी आयो ? भै राखेको सरकारी तथा सामुदायिक वन (सा.व.) को अवधारणा भन्दा तात्विक रुपले यो कुन हिसाबले फरक छ ? हाल सम्म यसबारे के कति कुरा र काम भए र कुन हिसाबले क-कसले कसरी सहयोग वा विरोध गर्दै आएका छन् भन्ने विषयमा वनमा चाख राख्ने सबैखाले मानिसलाई यो अत्यन्तै चासोको विषय भएको छ ।

यो लेखको सुरुमा साझेदारी वनको पृष्ठभूमि, यसको आधिकारीक र कानुनी हैसियत, सरकारी, गैह्रसरकारी तथा दातृ संघ संस्थाका आ-आफ्ना तर्क वितर्कहरुलाई संक्षेपमा प्रस्तुत गर्ने जमर्को गरिएको छ । लेखको बीचतिर साझेदारी वनको अवधारणा लागू गर्ने नै हो भने यसले पहाडी क्षेत्र व्यवस्थापन गरिएको सा.व. बाट सिक्नु पर्ने कुराहरुलाई बुँदागत रुपमा प्रस्तुत गरिएको छ । सामुदायिक होस् वा साझेदारी, वन व्यवस्थापनका अवधारणा र कृयाकलापहरु गरिबमुखी हुनु पर्दछ भन्ने मान्यतामा अडिग हुँदै लेखको अन्त्य भागतिर सामुदायिक र साझेदारी वनलाई कसरी गरिबमुखी बनाउन सकिन्छ भन्ने बारेमा केही सुझावहरु दिइएको छ । लेखको निष्कर्षमा सबैलाई आ-आफ्ना ढिपी त्यागी सृजनशिल भै गरिबमुखी भएर काम गर्न आह्वान गरिएको छ ।


### तराईमा साझेदारी वनः चीज एक, बुझाइ अनेक

आधिकारीक दस्ताबेजमा साझेदारी वन भनेको के हो भन्ने बारेमा स्पष्ट रुपमा व्याख्या नभएता पनि हालसालै प्रकाशित भएका साझेदारी वन सम्बन्धी लेखहरु, जिल्ला वन समन्वय समिति (जि.व.स.स.) को मस्यौदा रिपोर्ट तथा कतिपय गोष्ठी र मिटिङ्गमा भएका छलफलका आधारमा यो बुझ्न सकिन्छ कि साझेदारी वन भनेको **"पहाडमा प्रचलनमा आएको सा.व. का केही कुरा र तराईमा सरकारद्वारा व्यवस्थित वनमा अभ्यास गर्दै आइएका केही कुरा मिसाइ बनाउन खोजिएको वन व्यवस्थापनको एक नयाँ अवधारणा हो ।"** अर्को शब्दमा भन्ने हो भने हालसम्म **"सरकारद्वारा अव्यवस्थितरुपले व्यवस्थापन गर्न खोजिएको"** तराई तथा भित्री मधेसको सरकारी वनको व्यवस्थापन गर्न तराई जिल्लाका मुख्य-मुख्य जन प्रतिनिधि, केही पहाडको अनुभवबाट सिकेको सहभागीमुलक परिपाटी र प्रकृया अपनाइ स्थानीय निकाय र केही गैह्र सरकारी संस्था (गै.स.स.) लाई हात लिई वन व्यवस्थापन गर्न अवलम्बन गरिएको मध्यमार्गी रणनीति हो भन्न सकिन्छ । कानुनी हिसाबले परिभाषित गर्नु पर्दा हालको वन ऐन २०४९ तथा वन नियमावली २०५१ ले व्यवस्था गरे अनुसार ऐनको परिच्छेद-३ मुताविक व्यवस्थापन हुने "सरकारद्वारा व्यवस्थित वन" को व्यवस्थापन गर्न अपनाइने रणनीति नै साझेदारी वन व्यवस्थापन हो भन्न सकिन्छ । यो

[१] यो लेखको प्रारम्भिक मस्यौदा सामुदायिक र साझेदारी वनलाई समेटेर तयार पारिएको थियो । तर सम्पादक मण्डलको सुझाव अनुसार लेखको लम्बाइ र यस अङ्कको सान्दर्भिकतालाई मध्य नजर राखी साझेदारी वनको हिस्सा मात्र यो लेखमा प्रस्तुत गरिएको छ । यस लेखको प्रारम्भिक मस्यौदामाथि पढी सुझाव, प्रतिकृया र रचनात्मक आलोचना गर्नु हुने अखिलेश्वर लाल कर्ण, विमला राई पौडेल, हरि न्यौपाने, कृष्ण पौडेल, ब्रम्ह ध्वज गुरुङ्ग, दिनेश पौडेल, उषा दाहाल, हेम तेम्बे, राम बहादुर थापा, यादव हुमागांइ, हेमन्त ओझा, विष्णु उप्रेती र सन्तोष मणी नेपाललाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

हिसाबले हेर्ने हो भने श्री ५ को सरकारको २०५७ बैशाख १९ गतेको निर्णय अनुसार परिकल्पना गरिएको साझेदारी वनले हालको ऐनको परिच्छेद २ र ३ ले जिल्ला वन कार्यालय (जि.व.का.) लाई एकछत्र रुपमा व्यवस्थापन र नियन्त्रण गर्न दिएको अधिकारलाई कटौती गरी वन सम्बन्धी नीति, रणनीति, कार्यक्रम र योजना बनाउँदा सहभागीमूलक ढङ्गले सबै सरोकारवाला र स्थानीय उपभोक्ताहरुका प्रतिनिधिहरु समेतको प्रतिनिधित्व भएको जि.व.स.स. लाई हालको ऐनले दिएको जि.व.अ. को अधिकार र जिम्मेवारीलाई केही हद्सम्म विकेन्द्रीत गर्न खोजिएको देखिन्छ । तथापि यसका लागि चाहिने कानुनी आधार भने बनाउन बाँकी नै छ । यो हिसाबले झलक्क हेर्दा सोझेदारी वनको अवधारणा पहिलेको वन व्यवस्थापन कार्ययोजना (Operational forest management plan-OFMP) मा भएका व्यवस्थाभन्दा अलिकति प्रजातान्त्रिक र प्रगतिशील हो कि भन्न सकिन्छ ।

तर वन स्रोतको व्यवस्थापनमा सा.व. को अवधारणा २५ औ वर्षदेखि परीक्षण, परिमार्जन र परिस्कृत गर्दै आएका स्वयं वन प्रशासनमा रहेका केही विशेषज्ञहरु, विभिन्न गैह्र सरकारी क्षेत्रमा रही सहभागिमूलक वन व्यवस्थापनमा अनुभव प्राप्त भएका वन-विज्ञ र समाजशास्त्रीहरु लगायत उपभोक्ता महासंघले “साझेदारी वनको नाममा” ल्याइएको “सरकारद्वारा नियन्त्रित वन” को औचित्य, अस्तित्व र यस्तो अवधारणाको कार्यान्वयनले न त तराईको वनको व्यवस्थापन हुन्छ, न त यसबाट जनता र सरकारले फाइदा पाउँछन् भन्ने तर्क प्रस्तुत गरिरहेका छन् । यिनीहरुको भनाइ अनुसार पहाडमा जस्तै तराईमा पनि अधिकांश जङ्गलहरु गाउँबस्ती नजिक रहेका, उक्त जङ्गलहरु सा.व. को रुपमा लिन स्थानीय उपभोक्ताहरु इच्छुक र सक्षम भएका र अबको सन्दर्भमा तराई तथा भित्री मधेस क्षेत्रमा “सरकारद्वारा नियन्त्रित वन” अस्तित्वमा नरहेको कुराको दावी गर्छन् । खासगरी वन उपभोक्ता महासंघ र तराई क्षेत्रका केही गै.स.स. हरुले तराईको जङ्गल पनि पहाडमा झैं वन उपभोक्ता समूह गठन गरी सा.व. को रुपमा हस्तान्तरण गर्न वन मन्त्रालय देखि वन विभाग र जि.व.का. लाई समेत नैतिक र कानुनी दबाव दिइरहेका छन् । यसै सन्दर्भमा सर्वोच्च अदालत समेतबाट वन उपभोक्ता महासंघले अघि सारेको तर्कको पक्षमा फैसला समेत भएको पाइएको छ ।

जुन पक्षले जे जे तर्कहरु अगाडि सारे पनि सबैले महसुस गरेका र सहमत हुन सकिने विषयहरु पनि देखिएका छन् । मुख्य गरी भन्नु पर्दा तराईको सन्दर्भमा सबैले मान्ने विषय भनेको कुनै पनि अवधारणा वा नीतिले तराईमा हाल विद्यमान रहेका समस्याहरु खास गरी अतिक्रमण र सुकुम्बासीको समस्या, चोरी कटानी, काठको तस्करी, वर्षेनी हुने डडेलो र आगलागी, टिम्बर कर्पोरेसनले वर्षौंदेखि गर्दै आएको अव्यवस्थित कटानी, र बिक्री वितरण प्रणाली, केही टाठाबाठा व्यक्ति, उपभोक्ता समिति र कर्मचारीको मिलोमतोमा काठ बिक्रीमा हुने, कमिसन तन्त्रको बढ्दो प्रवृत्ति, साझेदारी वन कि सा.व. भन्ने, सरकारी र गै.स.स. हरु बीचको विवादहरुको निराकरण गर्न सक्नु पर्दछ भन्ने हो । त्यस मध्ये पनि सबैभन्दा महत्वपूर्ण कुरा चाहिँ के हो भने तराईका गरिब र विपन्न वर्गको संगठन र सहभागिताको स्वरुप सोझेदारी वा सा.व. मा के कसरी सुनिश्चित पार्न सकिन्छ र ती वर्गले साझेदारी वा सा.व. बाट प्रत्यक्ष रुपमा के के फाइदा, कहाँबाट, कुन प्रकृयाले पाउन सक्दछन् भन्ने नै हो ।

सरकारी र गै.स.स. बीचको बहस र तर्क भै रहेकै बेला पहाडी क्षेत्रमा सा.व. विकासको लागि दशौं वर्षदेखि आफ्नो सहयोगको हात बढाएका नेदरलैण्ड र बेलायती दातृ राष्ट्रहरुले हालका वर्षहरुमा तराई तथा भित्री मधेस क्षेत्रका वनको विकासका लागि बिना हिच्किचाहट सहयोग गर्दै

आएका छन् । यी परियोजनाहरुको भनाइ तराईका वनलाई केवल "सरकारद्वारा व्यवस्थित वन" वा "सामुदायिक वन" भन्ने बहसमा मात्र सीमित नराखी जिल्लाको समष्टिगत रणनैतिक योजना तयार पारी वन ऐनले वर्गीकृत गरेका सबैखाले (सामुदायिक, सरकारी, कबुलियती, धार्मिक र संरक्षित) वनको पहिचान सहभागितामूलक ढङ्गले गरी सबै खाले वनको व्यवस्थापन गर्न सकिन्छ भन्ने छ । यसैका आधारमा नेदरलैण्डस् सरकारको सहयोगमा सञ्चालन भएको बाइसेप (BISEP–ST) विगत १ वर्षदेखि नारायणी र जनकपुर अञ्चलका ८ जिल्लामा र बेलायती सरकारको सहयोगमा सञ्चालन भएको जीविकोपार्जनका लागि वन कार्यक्रम लुम्बिनी अञ्चलका ३ जिल्लामा विगत २ वर्षदेखि कार्यरत छन् । यी परियोजनाहरुले मन्त्रिपरिषद्को मिति २०५७ जेष्ठको निर्णय अनुसार वन तथा भू-संरक्षण मन्त्रालयले परिकल्पना गरेको साझेदारी वन व्यवस्थापन समेतलाई बिना धुकचुक सघाउने प्रतिबद्धता व्यक्त गरेको पाइन्छ । यी दुबै परियोजनाहरुको पहिलो २ वर्षको मुख्य उद्देश्य सबै खाले विचार, संभावना र निकायहरुलाई एकै ठाउँमा ल्याउने थलोको रुपमा जि.व.स.स. लाई संस्थागत गर्ने तथा सबै सरोकारवाला बीच छलफल, सम्वाद र अन्तरकृया चलाउने वातावरण निर्माण गरी सबैलाई मान्य हुने रणनैतिक योजना बनाउने र समस्याको समाधान निकाल्ने रहेको छ ।

माथि उल्लेखित परियोजनाहरुको विचार र भावना झलक्क हेर्दा राम्रो देखिएता पनि ती परियोजनाहरुको सहयोग र सहजीकरणमा नारायणी अंचलका ३ जिल्लाहरुका जिल्ला विकास समिति (जि.वि.स.) को नाममा तयार पारेको जि.व.स.स. को प्रस्तावित मस्यौदा दस्ताबेजलाई गरिबीको चस्मा लगाएर हेर्दा साझेदारी वन गरिबमुखी नभएर नेता र समन्वय समितिमुखी भएको आभाष पाइन्छ । साझेदारी वनको अवधारणालाई विकसित गर्न लागि परेका स्वदेशी तथा विदेशी विज्ञ र वन प्राविधिकहरुको असल नियत प्रति म परिचित छु । वहाँहरुको नियत माथि शङ्का गर्ने ठाउँ छैन । तर कुरा व्यक्तिको भन्दा पनि सही दृष्टिकोण र सोंचको हो । साझेदारी वन जुन हिसाबले अगाडि बढ्दै छ त्यसमा गरिबमुखी सोंचको कमी छ । खास गरी भन्नु पर्दा यो अवधारणा कति गरिबमुखी सोंचको छ भन्ने हो । साझेदारी वनमा गरिबमुखी अवधारणाको कुरा यसको प्रारम्भिक अवस्था मै विचार गर्न सक्नु पर्दथ्यो । यसका लागि समन्वय समितिका बहुमत सदस्य "गरिब उपभोक्ता मात्रको समूह" (हालको पहाडको कबुलियती समूह जस्तै) का प्रतिनिधि हुनु पर्ने व्यवस्था हुनु उपयुक्त हुन्छ । त्यसका लागि पहिलो काम गरिबहरुको पहिचान गर्नु हो । उदाहरणका लागि भन्नु पर्दा तराईको सन्दर्भमा ती वर्गहरु भनेका साँचो अर्थका सुकुम्बासी घरधुरी, दाउरे पेशाबाट गुजारा चलाउनु पर्ने गरिब परिवारहरु, काठ तस्कर र व्यापारीको लागि दैनिक रुपमा आरा चलाउन बाध्य व्यक्तिहरु तथा वनबाट गैह्रकाष्ठ पैदावार संकलन गरी गुजारा चलाउने अत्यन्त गरिब परिवारहरु हुन् । ती वर्गहरुको जङ्गल माथिको निर्भरता र जीविकोपार्जनका उपायहरुको खोजी गरी तिनीहरुको समस्या समाधान गर्न लागि पर्नु पर्छ । यो काम परीक्षणको रुपमा गर्न प्रचलित स्वायत्त शासन ऐन र वन ऐनले क्रमशः स्थानीय निकाय तथा जि.व.का. लाई दिएकै अधिकार प्रयोग गरी गर्न सकिन्छ । यसो गर्दा समन्वयको कामको जिम्मेवारी जि.वि.स. ले लिइ प्राविधिक र व्यवस्थापनका कामका लागि सहजीकरण गर्ने जिम्मेवारी जि.व.का. ले हालकै साङ्गठनिक संरचनाबाट गर्न सम्भव देखिन्छ । भैरहेका संगठन माथि जि.व.स.स. जस्तो थप संगठन बढाउँदा प्रशासन यन्त्र झन जटिल हुन्छ भने सङ्गठित नभएका गरिब मानिसहरुलाई गै.स.स. समेतको सहयोगमा सङ्गठित पारि त्यस्ता सङ्गठित संस्थाहरुले विकेन्द्रीत स्वायत्त संस्थाको रुपमा काम गरी दिंदा हाल भएका संरचनाको जगको काम गर्छन् ।

त्यसैले अहिलेको काम भनेको गरिबहरु मात्र सदस्य भएका समूह गठनको काम प्रमुख हो नकि टाठाबाठाहरुको बाहुल्यता भएको समन्वय समितिको गठन ।

हाल प्रस्तावित जि.व.स.स. सम्बन्धी संस्थागत संरचनालाई सरसरती हेर्दा प्रस्ताव गरिएको साझेदारी वन सम्बन्धी नीति, प्रकृया र सफलताका सूचक समन्वय समितिले बनाउने जस्तो देखिन्छ । यो समन्वय समितिको बनोट हेर्दा के देखिन्छ भने यसमा गाउँका ठूलाबडा, काठ व्यापारी, तस्कर, पुरानो ढर्राका सरकारी अधिकारी, गरिबको नाममा नाफा कमाउन पल्किएका गै.स.सं. हरु र पार्टी प्रतिनिधिको बहुमत हुन्छ । साझेदारी वन सम्बन्धी निर्णय प्रकृयामा यिनै वर्गहरुको बोलवाला चल्ने हुँदा जनतामा अपनत्वको भावना नभई कार्यक्रम सफल हुन गाह्रो हुन्छ । किनभने माथि उल्लेखित व्यक्ति र संस्थाहरुको छवि जनतामा नकारात्मक छ । त्यस्ता बन्ने समितिमा गरिबहरुको प्रतिनिधित्व र बाहुल्यता नहुने हो भने अहिलेको पहाडको सा.व. लाई ठूलाबडाले हडपे झैं तराईमा पनि माथि उल्लेखित ठूलाबडा र उनीहरुले चलाएका संघ सङ्गठनले नै साझेदारी वन हडप्ने छन् । यसो भएको खण्डमा गरिब वर्ग चाहिँ सधैं झैं ठूलाबडाले बनाएका नियम उलङ्घन गरे बापत जरिवाना तिर्न र सजाय भोग्न बाध्य भै ठगिएका ठगिएर मरेको मर्‍यै हुनेछन् । त्यो अवस्थामा साझेदारी वनको असफलताको अपजस ती ठूला बडाले लिने छैनन् बरु उल्टै काठ चोर, अतिक्रमणकारी र सबै तस्करका आवरण भित्रका भाडाका टट्टु मतियारका नाममा तिनै गरिबलाई नै अपजस थोपर्ने कुरामा शङ्का छैन । तसर्थ समन्वय समितिलाई गरिबको पक्षमा काम गर्ने बनाउन सकिन्छ भन्ने तर्क दिनु भन्दा पनि हाललाई गरिब मात्रको संगठन निर्माण गर्न गरिबमुखी सोंच र अवधारणाको विकासमा केही समयसम्म काम गर्ने र त्यस पछि गरिबहरु मात्रको संगठनको प्रतिनिधिमूलक संस्थाको रुपमा अहिले प्रस्तावित गरेको जस्तो समन्वय समितिलाई संस्थागत गर्ने कुरामा लाग्नु उचित हुन्छ ।

अबको अवस्थामा पनि गरिबमुखी भएर मार्ग निर्देश गर्न नसक्ने हो भने तराईमा सामुदायिक र साझेदारी दुबै अवधारणाहरु एउटै ड्याङका मूला हुन् भन्न मलाई कति पनि हिच्कीटाहट भइरहेको छैन । तराई होस् वा पहाड, अहिलेको महत्वपूर्ण सवाल भनेको वन विकासका अवधारणालाई कसरी बढी गरिबमुखी बनाउनु भन्ने हो । परिकल्पना गरिएको साझेदारी वन गरिबमूखी बनाउन सकिएको खण्डमा "सा.व. कि साझेदारी वन वा अरु खाले वन" भन्ने बहस र लुछाचुँडीको औचित्य पनि समय बित्तै जाँदा आफ्से आफ् समाप्त भएर जान्छ । किनभने साझेदारी वनले तराईको वास्तविक परिस्थितिलाई बुझ्दै पहाडको सा.व. बाट धेरै कुरा सिक्न सक्छ र सा.व. ले पनि गरिबमुखी हुन अन्यत्रबाट धेरै कुरा सिक्नु पर्छ ।

**तराईको साझेदारी वनले पहाडबाट सिक्ने कुराहरु**

यदि साझेदारी वनलाई गरिबमुखी सोंचको आधारमा अगाडि बढाउन सहमत हुने हो भने पहाडको सा.व. बाट पाठ सिकेर निम्न कुराहरु मनन गरी सर्वप्रथम साझेदारी वन सम्बन्धी एक अवधारणा-पत्र तयार हुनु पर्दछ । त्यसका लागि व्यापक चिन्तन, मनन र थप छलफलको आवश्यकता छ । केही चिन्तन मननका विषयहरु निम्न हुन सक्छन्:

- सन् १९८० को दशकमा प्रयास भएको पञ्चायत तथा पञ्चायत संरक्षित वनको सिकाइबाट यो स्पष्ट भएको छ कि स्थानीय निकायको अगुवाईमा हुने वन व्यवस्थापन भन्दा अझ तल्लो विकेन्द्रीत तहका संगठन (वन उपभोक्ता समूह) को अगुवाईमा हुने व्यवस्थापन बढी व्यवहारिक र प्रभावकारी हुन्छ । विगतको यो अनुभवबाट पाठ सिक्नै पर्दछ ।

- टाढाका जनतालाई टाढाको जङ्गलको हेरचाह र व्यवस्थापन गर्न व्यवहारिक रुपले गाह्रो हुन्छ । जङ्गलको हेरचाह र व्यवस्थापन गर्न वनजङ्गल नजिककै उपभोक्ताहरुको संगठन चाहिन्छ । तर तराईको सन्दर्भमा भने वनबाट पाउने आम्दानी र वन पैदावारको वितरणमा तराईका दक्षिण तर्फका घरधूरीहरुका लागि सरल र सुलभ तरिकाको वन पैदावार बिक्री बितरण प्रणाली अपनाउनु पर्छ । तराई क्षेत्रका बाक्लो बस्तीमा रहेका हजारौं जनतालाई विभिन्न वर्गमा वर्गिकरण गरी उपभोक्ता पहिचान गर्ने साझेदारी वनको हालको प्रस्तावित व्यवस्थाले नेपालको इतिहासमा मल्ल राजाले ल्याएको जातपातको विभेद झैं तराई क्षेत्रका जनता बीच विभेदको वीउ रोपिन सक्छ, जुन भविष्यको लागि हानिकारक हुनसक्छ ।
- समिति तथा प्रतिनिधिमूलक संस्थामा (चाहे समन्वय समिति होस् वा उपभोक्ता समिति) टाठाबाठाहरु भएका संगठनका टाठाबाठा प्रतिनिधिको मात्र प्रतिनिधित्व हुने हो भने गरिब वर्गका समस्या र चाहनाहरु पूरा हुन नसक्ने कुरा पहाडको सा.व. बाट स्पष्ट भएको छ । तसर्थ यस्ता संस्था बनाउनु अघि टाठाबाठा वर्गलाई गरिबमुखी बनाउने अभियानकै रुपमा लाग्नु पर्ने र सँगसँगै गरिब मात्रको संगठन बनाउनु पर्छ । यसो गर्न सकिए मात्र गरिबको पक्षमा काम हुनसक्ने देखिन्छ ।
- संस्था बनाउँदा धेरै वटा तहहरु भए भने संस्था भित्र कर्मचारी तन्त्र हाबी हुनुको साथै माथि केन्द्रित प्रवृत्ति देखा पर्छ र काम गर्न गाऱ्हो हुन्छ । हालको प्रस्तावित जि.व.स.स. र यस अन्तर्गत सञ्चालन हुने निकायहरुमा तीन भन्दा बढी तहमा देखिन्छन् । यी सबै तहको निर्माणले भैरहेको जटिल कर्मचारीतन्त्रात्मक (Bureaucratic) प्रणालीमा थप जटिलता थप्नेछ । यतिका तह राखी काम गर्नु भनेको संस्थाको व्यवस्थापन मात्र गर्नु हो । वन व्यवस्थापनको कुरा त धेरै पछिको कुरा हुने भयो ।
- ठूलो संस्था, निकाय वा समूह र ठूलो ब्लकको जङ्गल एक निकाय वा समितिद्वारा प्रभावकारी रुपले व्यवस्थापन गर्न सकिदैन भन्ने कुरा जो कोहीले पनि बुझ्न सक्ने सामान्य सिद्धान्त नै हो । साझेदारी वनको हालको परिकल्पनाले जिल्लास्तरमा बस्ने ठूलो आकारको जिल्ला वन समन्वय समितिको मार्गनिर्देशनमा ठूलो ब्लकमा रहेको वनको व्यवस्थापनलाई बढावा दिएको छ । यो प्रकृतिको व्यवस्थापन जटिल र अनुगमनको दृष्टिकोणबाट कठिन हुने देखिन्छ । यो कुरालाई हृदयङ्गम गरी जङ्गल होस् वा संस्था यिनीहरुको प्रभावकारी व्यवस्थापन गर्न स-सना समूह र स-साना व्यवस्थापन एकाइ (Management unit) हरु चाहिन्छन् । हालको २५ सदस्यीय भन्दा बढी भएको प्रस्तावित समन्वय समिति धेरै ठूलो र समन्वय गर्न गाह्रो संस्था ठहरिन सक्छ ।
- एकाइसौं शताव्दीका वन प्राविधिकहरुको भूमिका प्राविधिक सल्लाहकार र प्रविधि विकासका नाइकेको रुपमा हुनु पर्दछ । नाफा कमाउने सोंच मात्र भएको व्यापारी र प्रशासन हाक्ने प्रशासकको जस्तो होइन । त्यसैले वन प्राविधिकहरुको भूमिका बढी प्राविधिक पक्षमा र स्थानीय निकायको भूमिका समन्वय गर्ने निकायको रुपमा स्थापित गराउनु उपयुक्त हुन्छ । यसका लागि व्यापार र संगठन व्यवस्थापनको काम नीजि क्षेत्रका पेशागत संघसंस्थालाई दिंदा बढी प्रभावकारी हुनसक्ने देखिन्छ । यो कुरा गर्न हालको दशौं योजनाले प्रशस्त ढोका खोली दिएको छ ।
- साझेदारी वनको अवधारणा र स्वरुप (Modality) “बिस्तार गर्दै, सिक्दै, फैलाउँदै” भन्ने सिद्धान्तमा आधारित हुनु पर्दछ । यसकालागि संस्थागत लचकता र “गल्तीबाट पनि सिक्न

सकिन्छ" भन्ने अवधारणाको आधारमा सुरुमा काम गर्न दिइनु पर्दछ । यसका लागि धेरै किसिमका विचारहरु आउन दिनु पर्दछ । विभिन्न प्रकारका संस्थागत संरचनाहरुको परिकल्पना गर्ने बुद्धिजीवी र वन-विज्ञहरुलाई वन मन्त्रालयले प्रेरित गर्नु पर्दछ । हाल प्रस्तावित जि.व.स.स. धेरै वटा संभावित संस्थागत स्वरुप मध्येको एक स्वरुप हो भन्ने हिसाबले ल्याउन सकिन्छ न कि यो संस्थागत संरचना जि.वि.स. वा वन मन्त्रालयबाट कानुनी मान्यता प्राप्त वैधानिक संस्थाको रुपमा ।

- साझेदारी वनको नमुनामाथि वा बाहिरबाट थोपारेर हतारमा काम सिध्याउने र प्रगति देखाउने खालको हुनु हुँदैन । नेपाली प्राविधिकहरुको व्यवहारिक अनुभव र ज्ञान एवं तराईका गरिब जनताहरुको आवश्यकता र अवसरलाई विचार गरी धेरैवटा नमुनाहरुको निर्माण हुन दिनु पर्छ । दुई चार वर्षका लागि खास उद्देश्य लिएर आएका परियोजनाहरुको लक्ष्य छोटो समयमा धेरै प्रगति देखाउनु पर्ने बाध्यता हुने हुँदा परियोजना मोडमा काम गर्दा यसको नेतृत्व चाहिँ स्थायी खालका सरकारी एवं गैह्र सरकारी निकायले लिनु पर्दछ जसले गर्दा सिकेको कुरा पछि परियोजनासँगै बिलाएर नजाओस् ।
- नजिक र सुपरिबेक्षण गर्न सकिने सानो ठाउँबाट थोरै जनशक्ति र जनसमूह सहभागि भै देखा परेका विभिन्न किसिमका विचार र नमुनालाई यथोचित स्थान दिँदै, आदर गर्दै विभिन्न सन्दर्भ र ठाउँमा सानो स्केल (Scale) मा "परीक्षण (Piloting) गरौं, अन्यत्र फैलाउने काम (Scaling up) पछि गरौंला" भन्ने सिद्धान्त अपनाई राम्रो देखिएको नमुनालाई क्रमशः फैलिन दिनु पर्छ । धेरै वटा जिल्लामा एकै चोटि ठूलो क्षेत्र लिइ नयाँ कुरा सुरु गरेर केही गरी अनियन्त्रीत भयो भने त्यतिका लाखौं बासिन्दाको घनाबस्ती भएको तराईको ठाउँका लागि राजमार्ग छेउको त्यति थोरै वन केही दिनको खाजा मात्र हुनसक्छ । सबै स्रोत थोरै समयमै भारत भित्रिन सक्छ र भारतीयहरु तराईमा भित्रिन सक्छन् । यसो भयो भने राष्ट्रिय दुर्घटनाकै रुपमा तराईले ठूलो बिपत्ती भोग्नु पनि पर्ने हुन्छ । तसर्थ तराईको वन, र जमिन अत्यन्तै महत्वपूर्ण र संवेदनशील स्रोत हुन, होसियारीपूर्वक व्यवस्थित गरिनु पर्छ ।

**गरिबमुखी बुझाइ – सामुदायिक तथा साझेदारी वनको सफलताको कडी**

पहाडको अहिलेसम्मको सा.व. को अनुभव र तराईको सरकारी वनको अनुभवलाई हेर्दा वन व्यवस्थापन कसरी प्रभावकारी रुपले गर्ने भन्ने कुराका लागि हाम्रो पहिलो बुझाइ गरिबमुखी सोंच भनेको के हो भन्नेबाट सुरु हुनु पर्दछ र हाम्रो काम गराइ गरिबमुखी हुनुपर्छ । यी सबै किसिमका वन विकासका लागि सबै भन्दा महत्वपूर्ण र पूर्व शर्त हो । अहिलेको सन्दर्भमा गरिबमुखी हुनु भनेको निम्न कुराहरु हुन् :

- समाजका जान्ने सुन्ने र टाठाबाठा वर्गको गरिब प्रतिको असम्बेदनशीलता र गरिबलाई हेप्ने, कम आँक्ने र अपहेलना गर्ने प्रवृत्ति र सोंचमा परिवर्तन नल्याएसम्म गरिबसम्म पुग्न गाह्रो छ । तसर्थ, ती टाठाबाठा वर्गलाई कसरी गरिबको पक्षमा सोच्न र काम लगाउन सकिन्छ भन्ने बारे रणनीति तयार गरी स्थानीय स्तरका ठाटाबाठाहरुलाई लक्षित गरी गरिबमुखी अवधारणालाई अभियान कै रुपमा गाउँगाउँ, टोलटोल र घरघरमा पुऱ्याई व्यापक बनाउनु पर्दछ । यसका लागि विशेष कार्यक्रमको जरुरत छ ।
- वन पैदावारमा आश्रित गरिब परिवारलाई वन स्रोतमा आधारित उद्योगको अंसियार (share holder) बनाउने दूरदृष्टी लिएर त्यस्तो अवधारणाको निर्माण गर्नु पर्छ । गरिबलाई केवल काम गर्ने ज्यालादारी मजदुरको रुपमा मात्र नहेरी वन उद्यमको लागि साझेदार सहभागीको

रुपमा विकास हुन सबै निकायले सहयोग गर्नु पर्छ । यसका लागि सुरुमा (Start up) गरिबको अंस (Share) मा पर्ने खर्च योजना तथा परियोजनाले ब्यहोर्नु पर्ने व्यवस्था गर्नु पर्दछ ।

- वनमा प्रत्यक्ष रुपले निर्भर गरिब परिवार पहिचान गरी तिनीहरु रहे मात्र सम्मिलित स-साना उपभोक्ता समूह बनाउनु पर्छ । यी समूहहरु सकृय हुन थालेपछि समूहहरुको संजाल (Network) को निर्माण गर्ने कामलाई प्राथमिकता दिनु पर्छ । जि.व.स.स. जस्ता समन्वयात्मक संस्था चाहिएमा पछि आवश्यकता र औचित्यको आधारमा आफै विकसित हुन दिनु पर्छ । कृतिम तरिकाले माथिबाट सुरुमा नै यस्ता प्रतिनिधिमूलक संस्था बनाइनु हुन्न । यो कामको लागि सामाजिक परिचालक र वन प्राविधिकहरुले प्रकृयाको सहजीकरण गर्नु पर्छ । समन्वय समितिमा केवल उपभोक्ताहरुलाई मात्र समावेश गर्नु पर्छ । जन प्रतिनिधि, पार्टी संगठन, गै.स.स. लाई समन्वय गर्ने काम स्वत रुपमा हालको कानुनी र संस्थागत संरचनाबाटै जि.वि.स. ले गर्नसक्ने व्यवस्था छ । यो कुरा विर्सनु भएन कि जि.वि.स. को मूलभूत काम नै समन्वय गर्नु हो । वनका लागि छुट्टै समन्वय समितिको संरचनाको आवश्यकता महसुस भएमा जि.वि.स. ले जुन सुकै बखत पनि गर्न सक्छ ।
- परियोजनाको कार्यक्रम र कृयाकलापबाट कति जना गरिब परिवार उद्यमी बने, कति व्यापारी बन्न सके, कतिले तालीम, गोष्ठी, भ्रमण र रोजगारीका अवसर पाए भन्ने जस्ता कुराको एकिन हुन बेसलाइनको समयदेखि नै गरिबमुखी भएर सूचक बनाइनु पर्छ । सा.व. बाट होस् वा साझेदारी वनबाट गरिब परिवारका लागि शिक्षाको अवसरको लागि विशेष कार्यक्रम ल्याउनु पर्छ, जसले गर्दा भविष्यमा गरीबहरु नेतृत्वमा पुग्न सकुन् । शिक्षा बिना गरिबहरु नेतृत्वमा पुग्न नसक्ने रहेछन् ।
- साझेदारी वन होस् वा सा.व., यसबाट प्राप्त आम्दानी वा खर्च भएको खास प्रतिशत रकम गरिब परिवारको संख्याको आधार लिइ उनीहरुको उत्थानका लागि छुट्याउने अनिवार्य प्रावधान वन ऐन, नियम, जि.व.स.स., वन कार्ययोजना, समूह तथा संघ संस्थाका विधान जस्ता दस्तावेजमा नै अनिवार्य रुपमा लेखिनु पर्दछ । त्यो प्रावधान समन्वय समिती वा उपभोक्ता समितीको विवेक वा उपभोक्ता समूहको मर्जीमा हुने गरी छाड्नु नहुने रहेछ । किनभने हालसम्मको सा.व. को अनुभवबाट के थाहा हुन आएको छ भने, निर्णय प्रकृयामा प्रतिनिधित्व गर्ने धेरैजसो प्रतिनिधीहरु गरिब हुँदा रहेनछन्, धेरैजसो नेतृत्वमा रहेका व्यक्तिहरु आफूमुखी र आफ्नो परिवारमुखी नै रहेको पाइएको छ । त्यसैले गरिबका लागि निर्णय गर्ने संघ संस्था र निकायहरुमा गरिब वर्ग स्वयं कै प्रतिनिधित्व हुनुपर्ने रहेछ ।
- साझेदारी तथा सा.व. बाट हुने पूर्वाधार र विकास कार्यहरु जस्तैः खानेपानी, सडक, बिजुली, स्कूल, पुलपुलेसामा गरिबको प्रत्यक्ष पहुँच पुगे नपुगेको एकिन हुने सूचकको निर्माण हुनुपर्ने रहेछ । हालसम्मको सा.व. को अनुभवबाट के देखियो भने समूहको कोषको ठूलो हिस्सा सामुदायिक पूर्वाधारमा खर्च हुने रहेछ तर ती भौतिक पूर्वाधारबाट गरिबहरु प्रत्यक्ष रुपले लाभान्वित हुँदा रहेनछन् । उल्टै त्यस्ता पूर्वाधार बनेपछि गरिबहरुको परम्परागत पेशा खोसिएको र वैकल्पिक रोजगार नपाएको अवस्था पाइएको छ । यस्तो स्थानिय भौतिक विकासमा खर्च भएको रकम बराबर वा त्यसको खास हिस्सा गरिबको लागि रोजगार, उद्यम विकास, व्यापार र व्यवसायमा स्वयं गरिबलाई सहभागी गराई सो सम्बन्धी ज्ञान, तालिम र सीप दिइ लगानी गर्ने मौका दिइनु पर्ने रहेछ । गरिब वर्गलाई कोष उपलब्ध गराउँदा उक्त

रकम के मा कसरी लगानी गरी फाइदा लिने हो भन्ने बारे व्यापारिक योजना समेत बनाउन सहयोग गर्नु पर्ने रहेछ ।

- साझेदारी तथा सा.व. को जग्गाको केही हिस्सा गरिब परिवारलाई छुट्याइ दिने व्यवस्था समूहको विधान र कार्ययोजनामा नै उल्लेख गराउन सहजीकरण गर्नु पर्दछ । यसकालागि गरिबीका रेखामुनिका जनताका लागि लागू गरिएको कबुलियती वनबाट प्राप्त अनुभवबाट साझेदारी वनले धेरै कुरा सिक्नु पर्दछ । गरिब पहिचान गर्ने र के कति परिवारको अवस्थामा सुधार आयो भन्ने कुराको अनुगमन नियमित रुपमा गर्न सम्पन्न परिवारका सदस्यहरुलाई समूहको स्रोत-व्यक्तिको रुपमा प्रयोग गर्न सुझाव दिनु पर्दछ ।
- गरिबको स्तर उकास्न उनीहरुलाई व्यापार व्यवसायमा लगाउनु पर्ने रहेछ । केबल जीवन निर्वाहका लागि ज्यालादारी रोजगार र स-साना आयमूलक कार्यक्रमले मात्र गरिबको जीवनस्तर उठ्ने देखिएन । यसकालागि समूह र बाहिरी निकायको संयुक्त लगानीमा व्यवसाय, उद्योग र व्यापारमा गरिब स्वयंलाई उद्योग तथा लगानीको अंसियार (Shareholder) बन्न प्रोत्साहित गरिनु पर्दछ । यसकालागि परियोजनाले सहयोग गर्नु पर्ने प्रावधान परियोजना तर्जुमा भएको बखत नै राख्नु पर्ने रहेछ ।

**निष्कर्ष**

माथि उल्लेख गरिएका अधिकांश गरिबमुखी काम केही समूह र समुदायमा एकाध वर्षमै गर्न सकिन्छ । यति गर्न सकियो भने मात्र सामुदायिक तथा साझेदारी वनबाट नयाँ कुरा सिक्न र गरिबमुखी अवधारणा परीक्षण गर्न सकिन्छ । अन्यथा सामुदायिक तथा साझेदारी वनको सफलतालाई हेर्ने सूचक गाउँको पूर्वाधार, समितिको कोष र तिनीहरुले बोलेका र देखाएका चुरीफुरी र पुरानै पाराले तय गर्न थालियो भने यो किसिमको सफलता अब कागज तथा प्रगति प्रतिबेदनमा मात्र सीमित भइ गरिबको मुखमा थप आस्वासन र आसा मात्र पुग्न जाने देखिन्छ । यसले सामुदायिक तथा साझेदारी वनको अवधारणा तथा कार्यन्वयनमा ठूलो प्रश्न चिन्ह खडा गर्छ । यसका लागि सामुदायिक र साझेदारी वनमा लागिपरेका वन प्राविधिक, विज्ञ, विशेषज्ञ, कर्मचारी, बुद्धिजीवी र जनप्रतिनिधिहरु अत्यन्तै चनाखो हुनु पर्ने बेला आएको छ । सा.व. र साझेदारी वनको पक्षमा वा विपक्षमा रहेर यो ठीक र त्यो बेठीक भनेर गलबदी र आ-आफ्ना लिडे ढिपीका सुगा रटाई प्रवित्तिले हाम्रो सृजनशिलताका लागि प्रयोग हुनु पर्ने समयलाई अन्यत्र मोडी दिन्छ ।

निष्कर्षमा भन्नु पर्दा, गरिबमुखी हुने हो भने तराईका सा.व. तथा साझेदारी दुबै ठीक, गरिबमुखी नहुने हो भने तराईमा दुबै बेठीक । यस अर्थमा, गरिबमुखी भएर दुबै खाले अवधारणाको माध्यमबाट, हामीमा रहेको सृजनशिलतालाई बढीभन्दा बढी गरिबको पक्षमा लगाएर काम गरेर हेरौं, कुन तरिकाले कसरी काम गर्दा सफल हुने रहेछ परीक्षण गरौं, बनाइएका योजनाको प्रभावकारी कार्यन्वयनका लागि आ-आफ्नो तहबाट व्यक्तिगत र संस्थागत रुपमा प्रतिबद्ध बनौं र हाम्रा १ करोड भन्दा बढी गरिबबन्धु बान्धवको जीवनस्तर उकास्न अलिकति भए पनि योगदान दिऊँ ।

(लेखक नेपाल स्वीस सामुदायिक वन परियोजनामा कार्यरत हुनुहुन्छ ।)